# स्थानीय राजपत्र

## भाग-२ खण्ड २ संख्या ७

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

गरिवसंग मेयर ऋषिराम कार्यक्रम कार्यान्वयन कार्यविधि

२०७५

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या ७, २०७५ चैत्र १७

**भाग–२**

# गरिबसँग मेयर ऋषिराम कार्यक्रम कार्यान्वयन निर्देशिका-२०७५

## प्रस्तावना

मुलुकको विकराल समस्याको रुपमा रहेको विद्यमान गरिबीलाई निवारण गरी विपन्न जनताको आर्थिक, सामाजिक स्तरलाई माथि उठाउनु नै राष्ट्रका सामु सबैभन्दा ठूलो चुनौती रहेकोछ । आठौं योजना कालदेखि नै गरिबी निवारणलाई प्रमुख उद्देश्य राखी विविध क्षेत्रगत तथा लक्षित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिएका छन् । सोही अनुरुप अति विपन्न परिवारहरुलाई लक्षित गरी गरिबसँग मेयर ऋषिराम कार्यक्रम यस बर्ष देखि सञ्चालनमा ल्याईएको छ । गरिबी निवारणका लागि कार्यक्रमका माध्यमबाट गरिबहरुलाई आर्थिक, सामाजिक साधन स्रोत र सुविधाहरुमा पहुँच बढाउनु आवश्यक रहेको छ । जसले गरिबहरुको आत्मविश्वास बढ्नुका साथै विकास प्रक्रियाको तर्जुमा, कार्यान्वयन र सञ्चालनमा सक्रिय सहभागिता हुनगई तिनीहरुलाई मूलप्रवाहमा संलग्न हुनसक्ने अवसर प्रदान गर्दछ । उक्त कुरालाई आत्मसात गर्दै गरिबसँग मेयर ऋषिराम कार्यक्रम सञ्चालन गरी सुकुम्बासी अति गरिब विपन्न

घर परिवारलाई सेवा र उत्पादनसँग जोडी गरिबसँग ऋषिराम कार्यक्रम नामक छुट्टै कोष खडा गरी सो कोषलाई अनुदान (Grant) र घुम्तिकोषको (Revolving Fund) रुपमा परिचालन गरी सहुलियतपूर्ण व्याज दरमा ऋण प्रवाह गरी सीप, श्रोत साधनको समुचित प्रयोग मार्फत स्वरोजगार प्रबर्द्धन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी बागलुङ नगर कार्यपालिकाले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम **"गरिबसँग मेयर ऋषिराम कार्यक्रम कार्यान्वयन निर्देशिका-२०७५"**रहेको छ ।
(२) यो निर्देशिका नगर कार्यपालिकाले स्विकृत गरी स्थानयि राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :**बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) ''ऐन'' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन-२०७४ र कृषि व्यवसाय प्रबर्द्धन ऐन-२०७४ समेतलाई सम्झनु पर्दछ ।

(ख) निर्देशिका भन्नाले-गरिबसँग मेयर ऋषिराम कार्यक्रम कार्यान्वयन निर्देशिका-२०७५ सम्झनु पर्दछ

(ग) सञ्चालक समिति भन्नाले-यस निर्देशिकाको खण्ड ६ बमोजिम गठन भएको गरिबसँग मेयर ऋषिराम कार्यक्रम कोष सञ्चालक समितिलाई सम्झनु पर्छ ।

३. **उद्देश्यः**

बागलुङ नगर क्षेत्रभित्र स्थायी बसोवास गर्ने अति विपन्न परिवारलाई रोजगारी तथा आयमूलक क्रियाकलापहरुको माध्यमद्वारा सामाजिक, आर्थिक क्रियाकलापमा संलग्न गराउँदै गरिविको रेखाबाट माथि उठाई स्वाबलम्वनतर्फ अग्रसर गराउनु यसको मूलभूत उद्देश्य रहेको छ । यसका अतिरिक्त अन्य विशिष्ट उद्देश्यहरु यस प्रकार छन् :-

१ गरिबसँग मेयर ऋषिराम कार्यक्रमका माध्यमबाट विपन्न परिवारलाई आर्थिक विकास तथा जीविकोपार्जनका लागि

अनुदान तथा सहुलियत व्याजदरमा सरल कर्जा प्रबाह गरी उत्पादनक्षेत्रमा आवद्ध हुने अवसर सिर्जना गर्ने ।

२ गरिबसँग मेयर ऋृषिराम कार्यक्रम कोषको रकमलाई एकल पारिवारीक तथा सामुहिक हितका आयआर्जन संबन्धि कामको लागि अनुदान र ऋृणको रुपमा प्रवाह गर्ने ।

३ स्थानीय स्तरमा मानव संशाधनको विकास गरी सामाजिक पूँजीको विकास गर्ने ।

४ शिक्षा, स्वास्थ्य, पिउने पानी, तालिम, कृषि प्रसार, प्रविधि बजार व्यवस्थापन र बजार प्रणाली आदिसँग गरिब समुदायको पहुँच बढाउने ।

५ आय अभिबृद्धिको क्रियाकलापका लागि संस्थागत कर्जासँग गरिब समुदायको पहुँच बढाउने ।

६ परम्परागत सीपको अभिबृद्धि गर्दै लघु उद्यमबाट स्वरोजगार सिर्जना गर्ने ।

७ निर्णय प्रक्रियामा विपन्न व्यक्तिलाई प्रत्यक्ष संलग्न हुन अवसर सिर्जना गरी उनीहरुको आत्मविश्वास बढाउँदै सशक्तिकरण गरिनुका साथै स्वावलम्बी हुन अग्रसर गराउने ।

८ नगर क्षेत्रको गरिबी मापन गरी गरिव घरपरिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्ने ।

९ युवा स्वरोजगार तथा गरिबी निवारणका अन्य कार्यक्रम सँग दोहोरो नपर्ने गरी निकटतम र समन्वयात्मक सम्बन्ध स्थापित गरी कार्यक्रम संचालन गर्ने ।

१० नगर क्षेत्रका अति विपन्न वर्गका नागरिक जसले आर्थिक अभावका कारण खर वा फुसको छानोमा वस्नु परेकोछ त्यस्ता घरपरिवारलाई सम्बन्धित वडाको सिफारिशका आधारमा टिनको छाना उपलव्ध गराउने ।

## ४. कार्यक्रम कार्यान्वयन गर्दा देहायका कार्यनीतिहरुको अवलम्वन गरिनेछ :-

१. संचालित कार्यक्रमको अनुगमन, मुल्याँकन तथा सुपरिवेक्षण नगरपालिकाबाट गरिने छ ।

२. निर्धारित सूचकहरुको माध्यमबाट अति विपन्न परिवारको पहिचान गरिनेछ ।

३. विपन्न परिवारका सदस्यहरुलाई स्वेच्छिक रुपमा समूह तथा सामुदायिक संस्थामा संगठित हुन उत्प्रेरित गरिनेछ

४. विपन्न परिवारका सदस्यहरुलाईसीप अभिवृद्धिका लागि सीप विकास तालिमहरुसँग पहुँच बढाइनेछ ।

५. स्वेच्छिक रुपमा सामूहिक बचत संकलन र परिचालन गर्न सक्रिय गराइनेछ ।

६. विपन्न परिवारका सदस्यहरुलाई सामाजिक (शिक्षा, स्वास्थ्य, खानेपानी पोषण, वातावरण, कृषि, प्रसार, प्रविधि, सिंचाई आदि) क्रियाकलापमा संलग्न हुने अवसर सिर्जना गरी पहुँच बढाइनेछ ।

७. समूह सदस्य वा गरिब परिवारलाई परिचयपत्र (कार्ड) का माध्यमद्वारा सेवालाई सुव्यवस्थित गराइनेछ ।

८ आय अभिवृद्धिका क्रियाकलाप तथा लघु उद्यमका लागि प्रेरित गरिनेछ ।

९. गरिब परिवारहरुको योजनाहरुलाई स्थानीय तहको सहभागितामूलक योजना प्रक्रियासँग आवद्ध गराइनेछ।

१०. संस्थागत अनुगमन व्यवस्थालाई क्रियाशिल गराइनेछ ।

## ५. कार्यक्रम संचालन गर्दा देहाय अनुसार गरिनेछः-

१. गरिबसँग मेयर ॠषिराम कार्यत्रम मागको आधारमा सञ्चालन गरिने छ ।

२. गरिबसँग मेयर ॠषिराम कार्यक्रमको नाममा एउटा छुट्टै कोषको स्थापना गरिनेछ । त्यसको सञ्चालन र व्यवस्थापन सञ्चालक समितिले गर्नेछ ।

३. यो कार्यक्रमको संचालनका लागि बागलुङ नगरपालिकाले सम्वन्धित वडा कार्यालयसँग आवश्यक समन्वय गर्नेछ ।

४. गरिवसंग मेयर ॠषिराम कार्यक्रम कार्यान्वयन, समन्वय, कार्यक्रमको स्रोत परिचालनलाई प्रभावकारी परिचालनको कार्य आर्थिक विकास शाखा वा फोकल पर्सन मार्फतगर्न गराउन सकिनेछ ।

५. यो कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि विनियोजित रकम मध्येबाट बागलुङ नगरपालिकाको गरिबसँग ॠषिराम कार्यक्रमसञ्चालक समितिलेकार्यक्रम र बजेट रकम बाँडफाँड गरी खर्च गर्ने तथा सो को प्रतिवेदनगर्नुपर्नेछ ।

६. यस पूर्व सञ्चालनमा रहेको शहरी गरिबी न्यूनिकरण कोष यस कार्यक्रमको कोषमा समायोजन भएको मानीने छ ।

७. गरिबसँग मेयर ॠषिराम कार्यक्रमको एउटा छुट्टै कोषको स्थापना गरिने छ । त्यसको सञ्चालन र व्यवस्थापन सञ्चालक समितिले गर्नेछ ।

८. यो कार्यक्रमको संचालनका लागि बागलुङ नगरपालिकाले संबन्धित वडा कार्यालयसँग आवश्यक समन्वय गर्नेछ ।

९. बागलुङ नगरपालिकाले सम्बन्धित शाखा वा एक जना सम्पर्क व्यक्ति (Focal Person) मार्फत कार्यक्रम कार्यान्वयन, समन्वय,र स्रोत परिचालनलाई सुनिश्चितता प्रदान गर्नेछ ।

६. **गरिबसँग मेयर ऋषिराम कार्यक्रम सञ्चालक समिति :**बागलुङ नगरपालिकामा गरिबसँग ऋषिराम कार्यक्रमसञ्चालन तथा व्यवस्थापन गर्नका लागि देहायमा लेखिए बमोजिमको सञ्चालक समिति रहनेछ :-

(क) अध्यक्ष : नगर प्रमुख-१

(ख) सदस्य : नगर उप-प्रमुख-१

(ग) सदस्य : प्रमुख प्रशासकीय अधिकृत-१

घ) सदस्य : आर्थिक विकास समिति-संयोजक-१

ङ) सदस्यः सामाजिक विकास समितिका संयोजक - १

च) सदस्य : नगर कार्यपालिकाबाट एकजना महिला सहित सदस्य-३

छ) सदस्य सचिव : नगरपालिकाको एक जना अधिकृतस्तरको कर्मचारी-१

नोट : खण्ड- च को सदस्यहरुको मनोनयन नगर कार्यपालिकाबाट हुनेछ ।

## ६.१. अनुगमन समिति :

१) नगर कार्यपालिकाले तोके बमोजिम नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट संयोजक १, नगर कार्यपालिकाको कार्यालयका अधिकृत सदस्य र आर्थिक विकास शाखा प्रमुख वा फोकल पर्सन सदस्य सचिव रहेको ३ सदस्यीय अनुगमन समिति रहनेछ ।

२) अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन गरी सञ्चालक समिति समक्ष आफ्नो प्रतिवेदन पेश गर्नेछ ।

## ६.२. कोष सञ्चालक समितिको बैठक :

सामान्यतया कोष सञ्चालक समितिको बैठक दुई महिनामा एक पटक बस्नेछ र कुनै विशेष कारणपरि बैठक बस्नु पर्ने भएमा आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

## ७. गरिबसँग मेयर ऋषिराम कार्यक्रम सञ्चालक समितिको काम कर्त्तव्य र अधिकारः-

१) कार्यक्रमको समन्वय र अनुदान तथाऋण रकमको अनुगमन निरिक्षण गर्ने ।

२) कार्यक्षेत्रको प्रगति प्रतिवेदन पेश गर्न लगाउने ।

३) तोकिएको मापदण्डका आधारमा अति विपन्न परिवारहरुको छनौट गर्न सहयोग गर्ने ।

४) स्किम हेरी अनुदान र ऋण रकम स्वीकृत वा अस्विकृत गर्ने र ऋण स्विकृत भएमा कपाली तमसुक गराई संबन्धित बैंकको चेक उपलब्ध गराउने ।

५) व्याज तथा किस्ता रकम असुली गर्ने ।

६) ऋण लगानी सम्बन्धमा आवश्यक अन्य निर्णय गर्ने ।

७) अनुगमन बाट आएका सुझाबहरुको कार्यान्वयन गर्ने ।

८) समयमा ऋण नतिर्ने ऋणीहरुलाई ताकेता गर्ने र अटेर गर्ने ऋणीहरुलाई वडा कार्यालयको समन्वयमा यसै निर्देशिकामा उल्लेखित असुलीका अन्य उपायहरुको अवलम्वन गर्ने ।

९) कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न स्वीकृत कार्यक्रमको अधिनमा रही कार्यक्रम लागू भएको क्षेत्रमा सभा, गोष्ठी, बैठक आदिको आयोजना गर्ने ।

१०) बार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा पेश गर्ने ।

११) लक्षित परिवारसँग प्रत्यक्ष सम्बन्ध राखी तिनीहरुबाट संचालित सामाजिक, आर्थिक, उत्पादनमुलक र रोजगारीमूलक क्रियाकलापहरु अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

१२) कार्यक्रमलाई उद्देश्य अनुरुप प्रभावकारी बनाउने ।

१३) कार्यक्रमसँग संबन्धित अन्य भैपरि आएका कामहरु गर्ने ।

## ८. यस कार्यक्रमको कार्य क्षेत्र देहाय अनुसार हुनेछः-

१. यो कार्यक्रम बागलुङ नगरपालिकाका सवै वडाहरुका अति विपन्न र विपन्न परिवारलाई लक्षित गरीसञ्चालन गरिनेछ ।

**९.** अति विपन्न र विपन्न परिवारको छनौट गर्दा निर्देशिकामा उल्लेख भएका निश्चितमापदण्डको आधारमा सम्बन्धित वडाहरुको योजनमा स्थानीय प्रतिनिधिहरु समेत राखी निष्पक्ष ढंगले छनौट गरी कार्यालयमा सूचिकृत गरिनेछ । सञ्चालक समितिलेपहिचान गरी छनौट गरेको विपन्न परिवारहरू यस कार्यालयमका लक्षित वर्ग हुनेछन् । अति विपन्न र विपन्न परिवार छनौट प्रक्रियामा वडा कार्यालयले पूर्ण सहयोग गर्नु पर्नेछ । अति विपन्न र विपन्न परिवार पहिचान र छनौटगर्दा सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ । अति विपन्न र विपन्न परिवार छनौटका आधारहरु देहायबमोजिम हुनेछ ।

## ९.१ अति विपन्नताः

क) आफ्नो र परिवारको नाममा घर जग्गा नभई अरुको घर जग्गामा वा सार्वजनिक जग्गामा छाप्रो बनाई वा अरुको घरमा वसी अरुको जग्गा कमाई गर्ने वा हलि कमैया गरी जीविकोपार्जन गरी बसेको परिवार ।

ख) अर्काको जग्गा ठेक, अधियाँ कमाएर खाने ।

ग) माथी उल्लेखित अवस्था बाहेक आफ्नो जग्गा जमीनको उव्जनीबाट खानलाउन नपुग्ने ।

घ) आफ्नो र परिवारको नाममा घर जग्गा नभई अरुको घर जग्गामा वा सार्वजनिक जग्गामा खर वा फुसको छानो भएको छाप्रो बनाई वसेको, अरुको जग्गा कमाई गर्ने वा हलि कमैया गरी वा अन्य पेशा व्यवसाय गरी जीविकोपार्जन गरी बसेको वा आफ्नो जग्गा भएपनि आर्थिक अभावका कारण खर वा फुसको छानोको छाप्रोमा आश्रय लिई वसेको भन्ने सम्बन्धित वडाको सिफारिश सहित पहिचान भई आएको घरपरिवारलाई सञ्चालक समितिको निर्णयानुसार नगरको सुरक्षित जनता

आवास कार्यक्रम अन्तर्गत छानो छाउनका लागि कर्कट पाता उपलब्ध गराईने छ ।

ङ) खण्ड ३ अनुसारको निर्णय वमोजिम कम्तीमा एक वण्डल र वढिमा दुई वण्डल २६ गेजको कर्कट पाता उपलब्ध गराईनेछ ।

**९.२. विपन्नता :**

क) आफ्नो जग्गा जमीनको उव्जनीबाट खान, लाउन, शिक्षादिक्षा तथा सामान्य प्रकृतिको पनि औषधोपचार गर्न नपुग्ने ।

**१०. यस कार्यक्रम अन्तर्गत लक्षित परिवार छनौट गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछः-**

१ गरिवसंग मेयर ऋृषिराम कायक्रम अन्तर्गत अनुदान तथा ऋृण लगानी सम्बन्धमा सार्वजनिक सूचना प्रवाह गरिनेछ ।

२. उक्त सूचना अनुसार सम्बन्धित वडा कार्यालयको सिफारिस सहितको निवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

३. पेशहुन आएका निवेदनका आधारमा देहायको प्रकृया अपनाई प्राप्त अवस्थालाई आधार लिई लक्षित परिवारको छनौट गरिनेछ ।

क) संक्षिप्त घरधुरी सर्वेक्षणबाट परिवारको आधारभूत तथ्याङ्क लिने ।

ख) सहभागितामूलक सम्पत्ति स्तरीकरण (Participatory Wealth Ranking) गर्ने ।

**११. अनुदान तथाऋृण लगानी प्रक्रिया :**

१) छनौटमा परेका अतिविपन्न घरपरिवारका सदस्यलाई मात्र कार्यक्रमको तर्फबाट अनुदान रकम उपलब्ध गराईनेछ भने विपन्नतामा मात्र परेका घर परिवारका सदस्यलाई सहुलियतपूर्ण व्याजदरमा ऋृण रकम उपलब्ध गराईनेछ ।

२) कोषको मौजुदा अवस्थालाई मध्यनजर गरी एक पटकमा एउटा वडाबाट एक जना देखि बढीमा पाँच जना सम्मलाई अनुदान वा ऋण उपलब्ध गराउन सकिनेछ । तर सञ्चालक समितिले व्यवसायको प्रकृतिलाई समेत आधार बनाई प्राथमिकीकरण गर्न सक्नेछ ।

३) एक पटक लिएको ऋणको साँवाव्याज समयमा भुक्तानी गरेपछि मात्र सोही घरपरिवारले पुनःअर्को किस्ता ऋण रकम प्राप्त गर्न सक्नेछन् तर समयमा ऋण नतिरी कालो सूचिमा परेका सदस्यलाई ऋण रकम उपलब्ध गराईने छैन भने अनुदान प्राप्त गर्ने सदस्यलाई एक पटकमा नबढाई अनुदान उपलब्ध गराईनेछ तर सञ्चालक समितिले व्यवसायको प्रकृतिलाई समेत आधार बनाई पुनः अनुदान थप गर्न पनि सक्नेछ ।

४) अनुदान तथा ऋण, मागपत्रको आधारमा प्राथमिकता निर्धारण गरिनेछ ।

## ११. अनुदान रकमको अधिकतम सिमा र किस्ता अबधि :

१. अनुदान रकम बढीमा एकलाखमा नबढ्ने गरी पहिलो किस्ता ३० प्रतिशत र बाँकी रकम कार्य सम्पन्न भएको मुल्याँकन प्राप्त भएपछि उपलब्ध गराईनेछ ।

## १२. अनुदान तथा लगानी प्रकृया :

छनौटमा परेका अनुदान तथा ऋण प्राप्त गर्न चाहने व्यक्ति, समुह, संस्थाले सञ्चालक समिति समक्ष तोकिएको फारम साथ पेश गर्नु पर्ने कागजातहरु :-

१) अनुसूचि-१ बमोजिम तोकिएको ढाँचाको स्किम सहितको सम्बन्धित व्यक्ति वा समुहको निवेदन,

२) अनुदान तथा ऋण लिनको लागि वडा कार्यालयवाट विपन्नता वा अति विपन्नताको सिफारिस पत्र,

३) नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी,

४) पासपोर्ट साईजको दुई प्रति फोटो,

५) ऋणको लागि जमानी बस्नेको मञ्जुरी पत्र,

६) जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी,

७) सम्बन्धित वडाबाट पेशा व्यवसाय सञ्चालन गर्न चाहेको ठाउँमा कसैको दावी विरोध नभएको भन्ने सहितको सिफारिस पत्र ।

८) अरुको जग्गामा पेशा व्यवसाय गर्ने भए संबन्धित जग्गाधनीसँग अबधि किटान भएको गरेको संझौता पत्र

९) समुह, संस्था भए कार्यसमितिको निर्णयको प्रतिलिपी ।

१०) घरेलु तथा साना उद्योग भए अन्तिम आर्थिक बर्ष सम्म नवीकरण भएको व्यवसाय दर्ताको प्रमाण-पत्रको प्रतिलीपी रअन्तिम आर्थिक बर्ष सम्म कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपी ।

## १३. ऋण रकमको अधिकतम सिमा र किस्ता अबधि :

१) उद्यम तथा व्यवसायको प्रयोजनको लागि उपलब्ध गराईने ऋण रकमको अधिकतम सिमा अनुसूचि-२ बमोजिम हुनेछ ।

२) असुलीको समय र किस्ता बुझाउनु पर्ने समय, छुट रकम र हर्जनाको दर अनुसूचि-३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

## १४. ऋण असुली प्रक्रिया :

१) तोकिएको समय भित्रमा साँवा व्याज भुक्तानी गर्नु पर्ने कर्त्तव्य संबन्धित ऋणीको हुनेछ ।

२) भाखा नाघेपछि असुलीको लागि लिखित र मौखिक रुपमा ताकेता गरिनेछ ।

३) भाखा नाघेको ३ महिना सम्ममा ताकेता गर्दा पनि ऋण असुली हुन नसकेमा स्थानीय पत्रपत्रिका मार्फत ऋणीको विवरण सार्वजनिक गरी १५ दिने म्याद सहित ऋण भुक्तानीका लागि आव्हान गरिनेछ ।

४) माथी लेखिए बमोजिमको म्याद भित्रपनि ऋण भुक्तानी गर्न नल्याएमा त्यस्ता ऋणिहरुलाई कालो सूचिमा राखी नगरपालिकाबाट प्रवाह हुने सबै सेवा, सुविधा प्रवाह गर्न नगरपालिका बाध्य हुनेछैन र त्यस्तोमा रोक लगाउन वडा कार्यालयमा लेखि पठाईनेछ ।

५) नगरपालिका कार्यालयबाट सञ्चालन हुने भौतिक पूर्वाधार निर्माण लगायतका उपभोक्ता समिति र अन्य समितिहरुमा समेत संलग्न हुनबाट बञ्चित गरिनेछ ।

६) छुट महलमा लेखिएको छुट सुविधा समयमा किस्ता बुझाउने सदस्यले मात्र प्राप्त गर्नेछ र समयमा किस्ता नबुझाउने सदस्यले व्याजदर महलमा लेखिएको व्याजदर सहित किस्ता बुझाउनु पर्नेछ ।

७) ऋण लगेको मितिदेखि व्याजको गणना गरिनेछ र तोकिएको किस्तामा ऋण भुक्तानी गर्नुपर्नेछ तर तोकिएको किस्ताको समयभन्दा कम समयमा बढी किस्ता भुक्तानी गर्न कुनै बाधा पर्ने छैन ।

८) ऋणको व्याज दर १२प्रतिशत हुनेछ र समयमा किस्ता बुझाउनेलाई तोकिएको व्याज दरमा ४ प्रतिशत व्याज छुट दिईनेछ ।

## १५. हर्जना :

(१) भाखा नाघेको ऋणमा तोकिएको व्याजदरमा ४ प्रतिशत थप गरी भाखा नाघेको मितिपछि हर्जना सहितको व्याजदर कायम हुनेछ ।

(२) तोकिएको स्किम अनुसार लगानी नगरी सहुलियतपुर्ण ऋणको दुरुपयोग गरेको थाहाहुन आएमा तोकिएको व्याज दरमा ४ प्रतिशत थप गरी बाँकी रहेको रकम सरकारी बाँकी सरह असुल गरिनेछ ।

(३) कुनै विशेष कारण परि स्किम परिवर्तन गर्नुपर्ने भएमा वडाको सिफारिस सहित निवेदन पर्न आएमा अवस्थाको अध्ययन तथा विश्लेषण गरी कोषको मर्म र भावना बमोजिम सञ्चालक समितिले गरेको निर्णय बमोजिम हुनेछ ।

## १६. कोषको खाता सञ्चालन :

कोषको खाता सञ्चालन बागलुङ नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको सँयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

## १७. वडा कार्यालयको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

१) तोकिएका मापदण्डका आधारमा विपन्न परिवारको छनौट गर्न सघाउने ।

२) ऋण लगानी असुलीमा पूर्ण सहयोग पुऱ्याउने ।

३) विपन्न परिवारलाई समूहमा आउन उत्प्रेरित गर्ने ।

५) विपन्नघर परिवारका प्रतिभाशाली व्यक्तिहरुलाई तिनिहरुको प्रतिभा अनुसार सीपविकास प्रवर्द्धनतर्फ क्रियाशिल गराउने ।

(७) विपन्न परिवारका सदस्यहरुलाई आय अभिवृद्धिको क्रियाकलापमा संलग्न गराउने ।

(८) विपन्न परिवारका सदस्यहरुको वार्षिक योजना तर्जुमा गरी तदनुसार कार्यक्रम गर्न प्रयत्नशील रहने

(९) सामुदायिक क्रियाकलाप र पूर्वाधार निर्माणमा विपन्न घरपरिवारका सदस्यलाई संलग्न गराउने र विषयगत निकायहरुसँग समन्वय राखी संबन्धित कार्यक्षेत्रमा कार्यक्रम संचालन गर्ने गराउने ।

(१०) लक्षित वर्गको नियमित बैठकमा भाग लिने र सहयोग पु ऱ्याउने ।

(११) सामाजिक कुरीति हटाउन र सामाजिक जागरण ल्याउन सदैव प्रयत्नशील रहने ।

**१८. बाधा अड्काउ फुकाउने:**

यस निर्देशिकामा उल्लेखित कुनै बुँदाका सम्वन्धमा कुनै अस्पष्टता आएमा गरिबसँग मेयर ऋषिराम कार्यक्रम सञ्चालक समितिले सो सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउनेछ।

**१९. बचाउ:**

यस अघि भए गरेको काम यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ । समय सान्दर्भिकता र आवश्यकता अनुसार यस निर्देशिकालाई संशोधन गरिनेछ।

**२०. विविध :**

यस कार्यविधिमा लेखिएकोमा यसै कार्यविधि बमोजिम हुनेछ र अन्यको हकमा नगरपालीकाबाट जारी गरिएका ऐन नियमहरु र प्रचलित ऐन नियम अनुसार नै हुनेछ।

***

**अनुसूचि-१**
**दफा १२ (१) सँग संबन्धित**
**पेशा व्यवसाय दर्ताको निवेदन :**

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू**
**बागलुङ नगरपालीका, बागलुङ ।**

महोदय,

म/हामी निवेदक निम्न लिखित विवरण बमोजिमको उद्यम स्थापना र सञ्चालन गर्नको लागि यो निवेदन गरेको छु /छौ ।

**१. पेशा व्यवसायको नाम :**

**२. उद्देश्य :**

**३. कार्यक्रम सञ्चालन हुने स्थान :**

क) जिल्ला : बागलुङ नपा : बागलुङ नगरपालीका
वडा नं. :......... टोल/वस्ती : ....................

**४.पेशा, व्यवसायको स्तर : (.......) लगाउने ।**

क) घरेलु : (.....................) , ख) साना : (...............................)

**५.पेशा व्यवसायको कानुनी रुप : ( ...........) लगाउने ।**

क) नीजि : (......), ख) साझेदारी (..........), ग) प्रा.ली. : (.........) ,
घ) पब्लिक लि.कं. : (..............)

**६. पेशा व्यवसायको वर्ग : (..............) लगाउने ।**

क) उत्पादनमुलक : (...............), ख) उर्जामुलक :(............), ग) कृषि तथा वनजन्य : (............)
घ) खनिज जन्य : (..........), ङ) पर्यटन प्रबर्द्धन : (............), च) अन्य वस्तु वा सेवा : (..............)

## ७) पुँजी लगानी :

| क्र.सं. | स्थिरपुँजी | मुल्य | कैफीयत |
|---|---|---|---|
| क) | जमिन | | |
| | भवन | | |
| | मेशिन | | |
| | फर्निचर | | |
| | अन्य | | |
| | जम्मा : | | |
| **ख)** | **चालु पुँजी :** | | |
| **ग)** | **कुल पुँजी :** | | |
| | | | |

## ७.१) पुँजी तथा क्षमता बृद्धि भए :-(पुँजी बृद्धिका लागि मात्र भर्ने) :

| स्थिरपुँजी | जमिन | भवन | मेशिन/औजार | फर्निचर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| साविक | | | | | | |
| प्रस्तावित | | | | | | |

## ८.उद्यम बाट हुने उत्पादन सेवाको विवरण :

| वस्तु उत्पादन/सेवा | | इकाई | बार्षिक क्षमता | मुल्य |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**८.१ उद्यम बाट हुने उत्पादन /सेवाको विवरण :- (क्षमता बृद्धिकको लागि भर्ने) :**

| साविक | | | | प्रस्तावित | |
|---|---|---|---|---|---|
| वस्तु/सेवा | | इकाई | बार्षिक क्षमता | वस्तु/सेवा | |
| १ | | | | १ | |
| २ | | | | २ | |
| ३ | | | | ३ | |

**८.२ पुँजी बृद्धि क्षमता बुद्धिको कारण :**

१)

२)

३)

**९.कच्चा पदार्थको विवरण :**

| **क सं.** | **कच्चा पदार्थको विवरण** | **बार्षिक परिमाण** | **मुल्य** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

**१०. मेशिन उपकरण :**

| **क्र.सं.** | **विवरण** | **संख्या** | **प्रति इकाई मुल्य** | **जम्मा मुल्य** | **विद्युतशक्ति कि.वा.** | **श्रोत** |
|---|---|---|---|---|---|---|
| **१** | | | | | | |
| **२** | | | | | | |
| **३** | | | | | | |
| **४** | | | | | | |
| **५** | | | | | | |
| | **जम्मा :** | | | | | |

**११.जनशक्ति :**

क) प्राविधिक : ......,        ख) अप्राविधिक : .......,

ग) अन्य : .....,        घ) जम्मा संख्या :.....

१२. निवेदकको पुरा नाम ठेगाना :  बाबु/श्रीमानको नाम :

बाजेको नाम :

क)

ख)

पत्राचारको ठेगाना :  बागलुङ जिल्ला, बागलुङ नगरपालीका वडा नं.....टोल.................

ब्लक नं.: .......फोन/मोवाइल नं. : ........................फ्याक्स  :.......

**१३) कार्यविधिमा लेखिएका अतिरिक्त पालना गर्नु पर्ने शर्तहरु :-**

१) साँध संधियार छरछिमेकीलाई बाधा नपुर्‍याई पेशा व्यवसायको कार्य सञ्चालन गर्नेछु ।

२) उद्यम सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिनेछैन ।

३) कार्यालयले माग गरेको विवरण र तथ्याँकहरु माग गरेका बखत उपलब्ध गराउनेछु ।

४) उद्यम दर्ता किटान गरिएकै स्थानमा उद्यम सञ्चालन गर्नेछु ।

५) अन्य निकायमा समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु

६) उद्यम सञ्चालन गर्दा वाल मजदुरको प्रयोग गरिने छैन ।

७) यसै नाम बाट यस अघि अर्को उद्यम दर्ता भईसकेको देखिएमा यस उद्यमको नाम परिवर्तन गरिनेछ ।

निवेदकको सहीछाप : ......................

निवेदकको नाम :.............................,

दायाँ        बायाँ

| | |
|---|---|
| | |

**ईति सम्बत ....... साल ................महिना.............गते रोज.............शुभम् ।**

***नोट : कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखि संलग्न गर्न सकिनेछ ।***

# अनुसूचि-२
## दफा १३ संग सम्बन्धित
## ऋणको शिर्षक तथाऋणकोअधिकतमसिमा :

| सि. नं. | व्यवसाय | ऋण तथा अनुदानको अधिकतम सिमा | अधिकतम ऋण लगानीकाआधारहरु | कैफियत |
|---|---|---|---|---|
| १ | गाई, भैसी | २,००,००० | एउटा मात्र भैसी र उन्नतजातको गाई पालनगर्नको लागिअधिकतम ५० हजार र फर्मको रुपमाउन्नतगाई ३ वटा र ३वा सोभन्दा बढी भैसी पालनको लागिअधिकतम रु २लाखरुपैयासम्म | फर्मको रुपमा गरेको व्यवसायको फर्म दर्ता नविकरणको प्रतिलिपी |
| २ | बाखापालन | १००,००० | दुई वटासम्मबाखाको लागि १५ हजार, ३-५ सम्म ३० हजार, ६-७ सम्म ४० हजार ८ भन्दा माथी फर्मको रुपमाखोर सहित रु. १ लाख रुपैयासम्म | फर्मको रुपमा गरेको व्यवसायको फर्म दर्ता नविकरणको प्रतिलिपी |
| ३ | कुखुरा पालन | १००,००० | लोकल, बोईलर,कोईलर कुखुरा २५ वटासम्मपाल्नको लागि रु. १० हजार, ५० वटा सम्मपाल्नेलाई २५ हजार, १०० सम्म ४० हजार र सोभन्दामाथीखोर सहित रु. १ लाख रुपैयासम्म | चल्ला र दानाको विल भरपाईको फोटोकपी |
| ४ | रैथाने पेशाव्यवसाय प्रबर्द्धन | १,००,००० | डोका, डाला, नाङ्ला, ठेका जस्ता बाँस तथा काठजन्य वस्तु उत्पादनको लागि १० हजार, आरन तथाफलामजन्य वस्तु | सुन व्यवसायको हकमाव्यवसायदर्ता नविकरणको प्रमाण |

| | | | | |
|---|---|---|---|---|
| | | | उत्पादनको लागि २५ हजार, तामा खेलो तथा सुन व्यवसायको लागि ५० हजार रुपैयासम्म | |
| ५ | फलफुल तथा दुग्ध प्रशोधन केन्द्र | १,००,००० | फलफुलप्रशोधनको रु. ५०, हजार, दुग्धप्रशोधनको लागि रु. १ लाख सम्म | व्यवसायदर्ताको प्रमाण |
| ६ | सिलाई बुनाई | १,००,००० | घरायसी रुपमा १ वटा मेसीन सहितको पेशाको लागि १० हजार, इन्टरलक मेसीन सहित ३ वटाको रु. ३० हजार र कपडा सहित ३ भन्दा बढी मेसीनको लागि रु. ५० हजार रुपैयासम्म | व्यवसायदर्ता नविकरणको प्रतिलिपी |
| ७ | फलफुल तथा तरकारी बेचविखन | १,००,००० | आधा रोपनी सम्मको जग्गामाफलफुल तथा तरकारी उत्पादन तथा विक्री गर्ने गरी व्यवसाय गरेमा रु.५०हजार र १ रोपनीभन्दामाथीको जग्गामाफलफुल वा टनेल सहितको तरकारी खेति गरेमा रु. १ लाख रुपैयासम्म | |
| ८ | व्यवसायीक च्याउ खेति | १,००,००० | पराले च्याउ खेतिको लागि रु. ५०हजार र मुढे च्याउ खेतिको लागि रु. १ लाखरुपैयासम्म | |

| | | | | |
|---|---|---|---|---|
| ९ | माहुरी पालन व्यवसाय | १,००,००० | घार सहितको मौरी खरिद तथा पालनको लागि रु. १० हजारका दरले अधिकतम रु १ लाख रुपैयासम्म | मौरीकोगोला सहित घार खरिद गरेको विल भरपाईको प्रतिलिपी |
| १० | किराना पसल | १००,००० | फ्रिज सहित किराना पसलहरुको लागि रु. १ लाखरुपैयासम्म | व्यवसायदर्ता तथानविकरणको प्रमाण |
| ११ | माछा पालन तथा माछामासु विक्री केन्द्र | १००,००० | माछा, मासु, विक्रीपसल तथा माछा पालन उद्योगको लागि व्यवसायको प्रकृति हेरी रु. १ लाखरुपैयासम्म | व्यवसायदर्ता तथा नविकरणको प्रमाण |
| १२ | मैनवत्तिउद्योग व्यवसाय | १,००,००० | उद्योगको स्थापनातथा स्तरवृद्धिको लागि १ लाखरुपैयासम्म | बजारमा रहेका मैनवत्ति उद्योगहरुको दर्ता र नविकरण |
| १३ | फर्निचर उद्योग व्यवसाय | १००,००० | फर्निचर उद्योग सञ्चालनतथा भैरहेकाउद्योगको स्तरबृद्धिको लागि रु. १ लाखरुपैयासम्म | उद्योगहरुको दर्ता र नविकरण |
| १४ | अन्य व्यपारिक सामानखरिद तथाविक्री व्यवसाय | १,००,००० | माथीको वर्गिकरणमा नपरेकाउद्योग तथाव्यवसायको लागिप्रकृतिहेरी औचित्य पुष्टी हुने गरी रु.१लाखरुपैयासम्म | व्यवसायकोस्तर र प्रकृति हेरी दर्ता गर्नु पर्ने व्यवसायहरु दर्ता र नविकरण गरेको हनुपर्ने |

नोट (१) ऋणमागको निवेदन पेश गरेपछि नगरपालिकाकाकर्मचारी वाअन्यकर्मचारी आउँदाव्यवसाय सञ्चालनको तयारीको अवस्थावा सञ्चालनभएको अवस्था देखाउनु पर्नेछ र व्यवसायको फोटो उपलब्ध गराउनु पर्नेछ।

(२) नगरपालिकाबाट आएको अनुगमन टोलीले व्यवसाय सञ्चालननभएको देखेमा ऋण रकमफिर्ता गर्नु पर्नेछ।

(३) फर्मको रुपमाव्यवसायगर्ने व्यक्तिले नगरपालिकाको नियमानुसार नगरपालिकाको कार्यालयमाव्यवसाय कर दर्ता र नविकरण गर्नु पर्नेछ।

## अनुसूची-३
## दफा १३ संग सम्बन्धित

**किस्तातथाव्याजको विवरण :**

| सि.नं. | पेशाव्यवसायको प्रकृति | अधिकतम ऋण रकम | किस्ता संख्या | किस्ता रकम | किस्ता रकम Round फिगरमा | व्याजदर | व्याज छुट | हर्जाना | किस्ता महिना | समयावधि महिनामा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पशु पालन (गाई, भैसी) | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| २ | बाखापालन | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| ३ | कुखुरा पालन | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| ४ | रैथाने पेशाव्यवसाय प्रबर्द्धन | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| ५ | फलफुल तथा दुग्ध प्रशोधन केन्द्र | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| ६ | सिलाई बुनाई | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| ७ | फलफुलतथा तरकारी बेचविखन | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| ८ | व्यवसायीकच्याउ खेति | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| ९ | माहुरी पालनव्यवसाय | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| १० | किरानापसल | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | माछा पालनतथा माछा मासु विक्री केन्द्र | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| १२ | मैनवत्तिउद्योग व्यवसाय | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| १३ | फर्निचर उद्योग व्यवसाय | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| १४ | अन्यव्यपारिक सामानखरिद तथाविक्रीव्यवसाय | १ लाख | ६ | १६६६६ | १७००० | १२% | ४ | ४ | ४ | २४ |
| नोट : व्याज संझौताभएको मितिदेख र गणना हुनेछ र किस्ताअवधिको हकमाव्यवसायको प्रकृति र उत्पादनक्षमतालाई आधार बनाई पहिलो ३ महिना पछि निर्धारण गरिनेछ । | | | | | | | | | | |

प्रमाणिकरण

जनकराज पौडेल

नगर प्रमुख

प्रमाणिकरण मिति : २०७५।१२।१७ गते आईतवार

आज्ञाले

भीम बहादुर कुँवर

प्रमुख प्रशासकीय अधिकृत